# नयाँ नेपालमा नयाँ मगर समाजको परिकल्पना

केशर जङ्ग बराल मगर

नेपालका आदिवासी जनजातिहरु मध्ये मगर जाति एक हो । मगरहरु नेपालको ७५ जिल्लामै बस्दै आएका छन् । नेपालमा यो जाति जनसँख्याको हिसाबले जनजातिहरु मध्ये प्रथम स्थानमा र सम्पूर्ण जातिहरुमा तेस्रो स्थानमा छ । भाषाको हिसवाले यो सातौं स्थानमा पर्दछ । तर पनि यो जाति शैक्षिक, राजनैतिक, र आर्थिक दृष्टिकोणले पिछडिएको छ । मगरहरुको ऐतिहांसिक पृष्ठभूमिलाई हेर्दा यो जाति नेपालको शासक थियो । तर पछि गएर शासित वन्न पुग्यो । यो जातिले देशको हरेक ऐतिहांसिक राजनैतिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको छ । नेपालको एकिकरणको लागि पनि यो जातिको भूमिका उल्लेखनिय थियो । देशलाई परिवर्तनको सँघारमा पुऱ्याउने जनयूद्धमा पनि मगरहरुको वलिदान अग्रस्थानमा छ । नयाँ नेपालको परिकल्पना अनुसार अवको नेपालमा शासित शासक वन्नेछ र शासक शासित वन्ने छ । साच्चै यो नयाँ नेपालको परिकल्पना पुरा होला त ? यो राजनैतिक परिकल्पना भित्र नयाँ मगर समाज कस्तो होला ? यस सन्दर्भमा मैले गरेको मगर समाजको परिकल्पनाको वारेमा सर्वसाधारण मगरहरुले बुझ्न सक्ने भाषामा नेपाल मगर सँघ जिल्ला समिति, तनहुँको यो प्रकाशन मार्फत तनहू जिल्लाका मगरहरुमा पुऱ्याउन चाहान्छु ।

नयाँ मगर समाजको परिकल्पना–**सम्मानित र समृद्ध मगर समाज**, लाई साकार गर्न सर्वप्रथम त नेपालको शासन सामन्ती वर्गबाट गरिने प्रणाली र परम्पराको अन्त्य हुनु पर्दछ । यहा निर उल्लेखनिय कुरा के छ भने जसको नाममा शासन चलाए पनि आज सम्म शासन चलाउने वर्ग एउटै छ–सामन्ती वर्ग र सामन्ती बर्गको मतियार । राजनैतिक परिवर्तन–सँघात्मक लोकतान्त्रिक गणतन्त्र नेपाल, पछि पनि देशको शासना व्यवस्था फेरी उही सामन्ती वर्ग र सामन्ती वर्गको मतियारको हातमा गयो भने हाम्रो अवस्था उस्तै हुनेछ । विगतमा जस्तै हामी एउटा सामन्तीको हातबाट शासन व्यवस्था आर्को सामन्तीको हातमा सुम्पनको लागि हतियार मात्र भएको प्रमाणित हुने छ । त्यसैले हामी सबै मगरहरु राजनैतिक विचारको साथमा जन युद्धमा र जनआन्दोलनमा नेपाली जनताले गरेको वलिदानबाट प्राप्त राजनैतिक उपलब्धिलाई सँरक्षण गर्दै नयाँ नेपालको निर्माण गरी नयाँ मगर समाज वनाउन हामी सबै लागौ भनेर म फागुण १५ को पावन अवसरमा

सबै मगरहरुलाई अनुरोध गर्न चाहान्छु । नेपाल मगर सँघ सामाजिक सँगठनको रुपमा वर्षौ देखि मगर भाषा, सँस्कृतिको विकास र सँरक्षणमा लागिराखेको छ । यो सँस्थागत रुपमा कुनै पनि राजनैतिक विचार नवोके तर सबै खाले विचार लिएका मगरहरुको साझा सँस्था हो । यसले सामाजिक सुधारका कुराहरु गर्दछ तर सामाजिक आन्दोलन र राजनैतिक परिवर्तनको कुरा गर्दैन । तर आम मगरहरुमा राजनैतिक चेतना नल्याइकन मगरहरु राज्य व्यवस्थामा समान रुपमा हामी सहभागि हुन सक्दैनौं । यसको फलस्वरुप हामी जहिले पनि पछि नै पर्दछौं र हामीले कल्पना गरे जस्तै नयाँ मगर समाजको निर्माण हुन सक्दैन । किन भने नयाँ मगर समाज निर्माणको लगि राजनैतिक व्यवस्था माछाको लागि पानी जस्तै हो । हामीले याद गर्नु पर्ने कुरा केहो भने पानी भएको सबै खोलामा माछा हुदैन तर माछा हुनको लागि पानी अवश्य चाहिन्छ । तसर्थ नयाँ मगर समाज निर्माणको लागि अनुकूल राजनैतिक व्यवस्था पूर्वाधार हो ।  अहिलेको हाम्रो दायित्व भनेको पहिले नयाँ राज्य व्यवस्था-आत्म निर्णय सहितको सँघात्मक लोकतान्त्रिक गणतन्त्र नेपाल, निर्माण गर्ने र   हाम्रो जनसँख्याको आधारमा राज्य व्यवस्थामा सहभागिताको सूनिश्चित गर्ने अनि हाम्रो सँस्कृतिको रुपान्तरण गरेर नयाँ मगर समाजको निर्माण गर्नु हो ।

अब म अहिलेको मगर समाजको वारेमा छोटकरीमा लेख्न चाहान्छु । माथि उल्लेख गरे अनुसार अहिलेको हाम्रो समाज भनेको शासित र शोसित समाज हो । यसको फलस्वरुप हामी अशिक्षित छौं र गरिब पनि त्यतिकै । हामीले कमाउछौ, पसिना चुहाउछौं, तर अधिकाँश रुपमा आपनो लागि होइन, आर्काकै लागि । आर्थिक रुपमा धनी भए पनि ज्ञान, शिप र शिक्षाको कमीले हाम्रो कमाई पूँजीमा परिवर्तन गर्न सकेकाछैनौ । त्यसैले अन्त त हामी गरीबै हुन्छौं । मैले नेपाल मगर सँघ, केन्द्रिय समितिको सल्लाहकारको हैसियतले काठमाण्डौ भृकुटी मण्डपमा २०५९ सालमा भएको राष्ट्रिय सम्मेलमा आम मगरहरुलाई सम्बोधन गर्दा भनेको थिएँः

*हाम्रो सामाजिक परिवेशले हामीलाई आर्थिक दृष्टिकोणले होइन मानसिक रुपले गरिव बनाएको छ । जव हामी मानसिक रुपले गरिव हुन्छौं, क्षणिक रुपमा धनी हुन्छौं तर आर्थिक रुपले पनि भोली र भोली नभए पर्सी गरिवमा परिवर्तन हुन्छौं ।*

मगरहरुको साक्षरता दर उल्लेखनीय भएतापनि उच्च शिक्षा प्राप्त गर्ने मगरहरु ज्यादै कम छौं । महिलाहरु झन पछि छन् ।  शिक्षित भएका हामीहरुले पनि समाजलाई बैज्ञानिक सोंचको बाटोमा डोर्‍याउन सकेकाछैनौं । अधिकाँश हामी विदेशिने मनस्थितीमा हुन्छौं । यसले गर्दा अझ पनि हाम्रो समाज कूसंस्कारले विशेष गरेर हिन्दू संस्कारबाट ग्रसित छौं ।  ब्राह्मण पुरोहितको  रिसले

हामी त्यही कुरा मगर मार्फत थुपार्न खोजिराखेकाछौं । हाम्रो आफ्नै खालका संस्कृति पनि खर्चिला र भड्किला खालका छन् । हामी निर्णायक तहमा राष्ट्र सेवामा छैनौ । यता तिर हामीले चासो दिएजस्तो पनि लाग्दैन । विदेशिन नसक्नेहरुको आर्थिक अवस्था उत्पादनको साधनको स्वामित्वको अभावले आर्थिक अवस्था कमजोर छ । विदेशिन नसक्नेहरुको यो अवस्था देखेर पनि अधिकाँश मगरहरुमा विदेशमा गए मात्र आर्थिक अवस्था राम्रो हुन सक्ने गलत धारणा छ ।

यता तिर जाँड रक्सी बढीमात्रामा खाने र पैसा खेर फाल्ने चलन अझ पनि अधिकाँश मगरहरुमा छ । हाम्रो आर्थिक, सामाजिक र राजनैतिक अवस्थामा परेको हाम्रो परम्परा र सँस्कारको नकारात्मक प्रभावलाई अझ पनि वैज्ञानिक रुपमा विश्लेषण गर्ने परम्पराको विकास हुन सकेको छैन । हाम्रो खानपान र विवाह सम्बन्धि परम्पराले हाम्रो मानसिक र शारीरिक विकासमा पारेको प्रभावलाई कहिले पनि सोचेका छैनौं । यस्ता परम्पराले हाम्रो मानसिक र शारीरिक विकासमा नकारात्मक असर निश्चित रुपमा पारेको छ । यसको साथसाथै हामी अझ पनि ज्यादै सोझो र अरुलाई सजिलै सँग विश्वास गर्ने भएकोले अरुले हामीलाई सजिलै सँग ठग्ने पनि गरेका छन् । हामी कमैमा मात्र तर्कवितर्क गर्ने परम्परा छ । हामी आफ्नो मालिक वन्नु भन्दा अर्काका दास वन्ने प्रबृत्तिका छौं । तर मेहनत र इमान्दार भने छौं । यसैले गर्दा नै हामीलाई दास वनाउन मन परेका हुन् देशी र विदेशी सामन्तीहरुले ।

मैलै नयाँ नेपाल भित्रको मैले सोचेको नयाँ मगर समाजको विशेष्ता यस्तो हुने परिकल्पना गरेकोछु:

१. अधिकाँश मगरहरुले राजनैतिक रुपले आफुलाई सचेत गराउनेछन्, आर्काको दासत्व स्विकारने मानसिकतालाई स्वयम आफैलाई मालिक मान्ने मानसिकतामा रुपान्तरण गर्ने छन् ।

२. अधिकाँश मगरहरुमा आएको राजनैतिक चेतनाको कारणले राजनैतिक दलहरुमा पनि सक्रिय सहभागी जनाउनेछन् र राजनैतिक नेतृत्वमा समेत अहम भूमिका खेल्नेछन् । यसको फलस्वरुप मगरहरु देशको शासन व्यवस्थामा सहभागी हुनेछन् र आफ्नो भाग्यरेखा आफैले कोर्नेछन् ।

३. अधिकाँश मगरहरु शिक्षाको अवसरबाट वञ्चित हुनेछैनन् । यिनीहरुमा पढेर आफ्नो पंहूच नभएकोले जागिर पाइदैन भन्ने अहिलेको मानसिक्तालाई आफ्नो योग्यता र शिप र ज्ञानमा विश्वास गर्ने मानसिक्तामा रुपान्तरण गर्नेछन् । यसले गर्दा हरेक कार्यलयहरुमा निर्णायक तहमा मगरहरुको पनि महत्वपुर्ण उपस्थिती हुनेछ ।

४. अधिकाँश मगरहरु  शिक्षित भएकोले अमगराँती सँस्कृतिलाई वैज्ञानिक विश्लेषण गरी अहिलेको परम्परवादी सँस्कृतिलाई भौतिकवादी सँस्कृतिमा रुपान्तरण गरी भौतिकवादी मगर समाजको निर्माण गर्नेछन् ।

यी माथिका परिकल्पनाहरु साकार भएमा मैले कल्पना गरे जस्तै सम्मानित र समृद्ध मगर समाजको निर्माण हुनेछ र यो समाजले नयाँ नेपालको भाग्य रेखा कोर्न महत्वपूर्ण भूमिका खेल्नेछ । तर यो भन्दा पहिले सँघारमा भएको नयाँ नेपालको निर्माणको लागि हामी सबै मगरहरु सचेत र सजग भई अगाडि बढ्नुपर्दछ ।